मिति २०८२/०५/१८ गतेको गाउँ कार्यपालिकाको दोस्रो बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | चालु आ.व. २०८२/०८३ को हालसम्मको प्रगति समिक्षा सम्बन्धमा । | |
| ३. | गाउँ शिक्षा समितिका सदस्य मनोनित गर्ने सम्बन्धमा । | |
| ४. | कृषिमा व्यवसायीकरण तथा आधुनिकीकरण कार्यक्रम बाँडफाँड सम्बन्धमा । | |
| ५. | श्रम रोजगार बैङ्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ संशोधन सम्बन्धमा । | |
| ६. | पुर्ण सरसफाई प्रवर्द्धन सुरक्षित तथा व्यवस्थित सरसफाई को लागि स्थानीय तहको कार्य योजना स्वीकृत सम्बन्धमा । | |
| ७. | प्रधानमन्त्री र श्रम रोजगार बैङ्क कार्यक्रमको लागि आयोजना छनौट सम्बन्धमा । | |
| ८. | कर्णाली प्रदेश सरकार विशेष अनुदानका आयोजनाको अपुग रकम व्यवस्थापन सम्बन्धमा । | |
| ९. | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धमा । | |
| १०. | बेस्तडा प्रहरी चौकीको सेवा सुविधा सम्बन्धमा । | |
| ११. | ६ नं. वडा कार्यालय भवन जग्गा सम्बन्धमा । | |
| १२. | प्रभु बैङ्कको लागि गाउँपालिकाको गाडी प्रयोग सम्बन्धमा । | |
| १३. | करार कर्मचारी व्यवस्थापन कार्यविधि संशोधन सम्बन्धमा । | |
| १४. | वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई पुनर्गठन सम्बन्धमा । | |
| १५. | खाना/खाजा र फोहोरमैला व्यवस्थापन सम्बन्धमा । | |
| १६. | बाख्रा स्रोत केन्द्रसँग आवश्यक विवरण माग सम्बन्धमा । | |
| १७. | कृषि तथा प्राविधिक प्रोत्साहन सम्बन्धमा । | |
| १८. | जनस्वास्थ्य अधिकृत विज्ञापन सम्बन्धमा । | |
| १९. | निजामती सेवा दिवस २०८२ सम्बन्धमा । | |

## मिति २०८२/०५/१८ गतेको गाउँ कार्यपालिकाको दोस्रो बैठकबाट भएकानिर्णयहरु:

१. यस कार्यपालिकाबाट अघिल्ला बैठककमा भएका निर्णयहरुको कार्यान्वयन समिक्षा गरियो ।

२. यस गाउँपालिकाको लागि चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सेवा प्रवाह सम्बन्धमा प्रगति समिक्षा गरियो ।

३. यस भगवतीमाई गाउँपालिका, गाउँ शिक्षा समितिका सदस्यहरुमा देहाय बमोजिमका पदाधिकारी मनोनयन गर्ने ।

तपसिलः

| क्र.सं. | नामथर | पद/ठेगाना | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १. | श्री पुर्णबहादुर थापा | वडा अध्यक्ष-वडा नं. ७ | गाउँसभा | |
| २. | श्री शुशिला वि.क. | वडा सदस्य-वडा नं. ३ | गाउँसभा महिला | |

| क्र.सं. | नामथर | पद/ठेगाना | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| ३. | श्री माण्डवी सिंह | प्रधानाध्यापक, जनप्रिय प्रा.वि. चाख्ला | प्रधानाध्यापक | |

४. चालु आ.व. २०८२/०८३ को लागि नेपाल सरकार विशेष अनुदान अन्तर्गत कृषिमा व्यवसायिकरण तथा आधुनिकीकरण कार्यक्रमतर्फ क्रियाकलापहरु बाँडफाँड कार्य अर्को बैठकबाट छलफल गरी स्वीकृत गर्ने ।

५. भगवतीमाई गाउँपालिका, श्रम रोजगार बैङ्क सञ्चालन कार्यविधि सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को संशोधित कार्यविधि २०८२ स्वीकृत गर्ने ।

६. पुर्ण सरसफाई प्रवर्द्धन सुरक्षित तथा व्यवस्थित सरसफाईको लागि स्थानीय तहको कार्य योजना स्वीकृत गर्ने ।

७. यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार र श्रम रोजगार कार्यक्रमको लागि छनौट हुन बाँकी वडा नं. १ र ५ का आयोजनाहरु देहाय बमोजिम छनौट गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | वासुधारा राउचौर सडक स्तरोन्नती | वडा नं. १, गन्म | १४०००००। | श्रम रोजगार |
| २. | जुम्लाकाफल मलुका सडक स्तरोन्नती | वडा नं. ५, कट्टी | | प्रधानमन्त्री रोजगार |
| ३. | वडा कार्यालयको फिल्डको पर्खाल निर्माण | वडा नं. ५, कट्टी | १४०००००। | श्रम रोजगार |

८. यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका आयोजनाको लागत अनुमान विनियोजित बजेट भन्दा बढी भएको हुँदा लागत अनुमान भन्दा बढी भएको व्ययभार चालु र आगामी आर्थिक वर्षमा बजेट सुनिश्चितता गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | स्थान | रकम रु. हजार | | कैफियत |
|---|---|---|---|---|---|
| | | | विनियोजित बजेट | लागत अनुमान | |
| १. | सरस्वती मा.वि. घेरवार | वडा नं. १ | ५०,००.०० | ९५,७८.७४ | सामाजिक विकास कार्यालय दैलेखबाट विनियोजित रु. १५,००,०००। सँग साझेदारी समेत गर्ने । |

| क्र.सं. | आयोजनाको नाम | स्थान | रकम रु. हजार | | कैफियत |
|---|---|---|---|---|---|
| | | | विनियोजित बजेट | लागत अनुमान | |
| २. | भगवतीमाई चक्रपथ सड आयोजना | वडा नं. १-७ | १,७०,००.०० | ३,४७,९४.७२ | बहुवर्षीय आयोजना |
| ३. | कट्टी स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ५ | १,६०,००.०० | २,१३,२९.८५ | बहुवर्षीय आयोजना |
| ४. | ६ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. ६ | १,३७,००.०० | १,७४,३२.५९ | बहुवर्षीय आयोजना |
| ५. | गाउँपालिका प्रशासकीय भवन परिसर घेरवार | वडा नं. २ | ४७,२१.२० | १,१२,७३.३४ | बहुवर्षीय आयोजना |

९. यस गाउँपालिका अन्तर्गत देहायका आयोजनाको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा बिक्री कार्य | कट्टी र लोहोरेखोला | |
| २ | भगवतीमाई चक्रपथ सडक आयोजना | वडा नं. १ देखि ७ | |

१०. यस भगवतीमाई गाउँपालिका वडा नं. २ बेस्तडामा रहेको बेस्तडा प्रहरी चौकीको लागि गाउँपालिकाले देहायका सेवा सुविधा उपलब्ध गराउने ।

<u>तपसिलः</u>

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | मोटरसाईकल मर्मत | रु. २०,०००। | वार्षिक |
| २. | ईन्धन पेट्रोल | ३० लिटर | मासिक (बेस्तडा २०+लोहोरे १०) |

११. यस गाउँपालिका अन्तर्गत ६ नं. वडा कार्यालय भवन प्रयोजनको लागि निःशुल्क प्राप्त जग्गा विवाद सम्बन्धमा जग्गाधनीलाई कार्यालयमा बोलाई वडा कार्यालयको रोहवरमा छलफल गरी समस्या समाधान गर्ने ।

१२. यस भगवतीमाई गाउँपालिका अन्तर्गत प्रभु बैङ्कको नगद रकम दैलेख बजारबाट बेस्तडामा ल्याउन यस कार्यालयको स्कारपियो पिक अप गाडी प्रयोग गर्ने ।

१३. भगवतीमाई गाउँपालिका, करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७ चौथो संशोधन प्रस्ताव पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

१४. यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन **(O & M)** प्रतिवेदनमा भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई रहेकोमा उक्त इकाईलाई पुनः संरचना गरी **वातावरण, विपद् व्यवस्थापन, खानेपानी, सरसफाई तथा स्वच्छता इकाई** गठन गर्ने । सो इकाईमा प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तहको १ जना र खानेपानी, सरसफाई तथा स्वच्छता प्राविधिक जना १ जना रहने ।

१५. यस कार्यालयका देहायका कामको लागि सार्वजनिक सूचना प्रकाशित गरी खरिद प्रक्रिया अगाडी बढाउने ।

<u>तपसिलः</u>

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १. | खाना/खाजा दररेट | |
| २. | फोहोरमैला संकलन तथा व्यवस्थापन | |

१६. यस गाउँपालिका वडा नं. १ स्थित कर्णाली प्रदेश सरकार र यस गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित बाख्रा स्रोत केन्द्रको हालसम्मको आय व्ययको विवरण, सम्पत्तिको आयव्यय, बाख्राको यथार्थ अभिलेख, समितिका बैठकका हालसम्मका निर्णय प्रतिलिपि र मृत्यु भएका खसी र बाख्राको प्रहरी मुचुल्का सहितका कागजातहरु ७ दिनभित्र पेश गर्न गाउँ कार्यपालिकाको कार्यालय मार्फत निर्देशन गर्ने ।

१७. कृषि र पशु प्राविधिकको फिल्ड भ्रमण तथा अनुगमन वापत प्रोत्साहन खर्च सम्बन्धमा आगामी बैठकमा छलफल तथा निर्णय गर्ने ।

१८. यस गाउँपालिकाको लागि नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत **"म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"** को लागि आवश्यक जनस्वास्थ्य अधिकृत, सातौं तहको करार सेवामा कर्मचारी पदपूर्ति गर्न दरखास्त आह्वानको सार्वजनिक विज्ञापन गर्ने ।

१९. यहि भाद्र २२ गते मनाईने **निजामति सेवा दिवस, २०८२** भव्यताका साथ सरसफाई तथा वृक्षारोपण लगायत अन्य विभिन्न कार्यक्रम सहित मनाउने र उक्त दिवसको अवसरमा उत्कृष्ट एक जना कर्मचारी सम्मान कार्यक्रम गर्ने ।

<u>भिन्न मत</u>

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |